Received Date: April 2023 Revised: May 2023 Accepted: June 2023

# अन्तरिम सरकार २०४७ : शपथ ग्रहण र पदस्थापन

**बद्रीनारायण गौतम, पिएचडी**

त्रि. वि., इतिहास केन्द्रीय विभाग, कीर्तिपुर

Email : drbngautam@icloud.com

Doi : https://doi.org/10.3126/ppj.v3i01.59078

**शोधसार**

*कुनै पनि हालतले कांग्रेस कम्युनिष्ट एकजुट हुन नदिने नीति असफल हुँदा पनि जनआन्दोलन विरोधी नीति लिएको मरिचमान सिंह श्रेष्ठ नेतृत्वको पञ्चायती सरकारले उग्रवादीहरूको हथकण्डा भनेर अन्तर्राष्ट्रिय जगत्लाई अल्मल्याउन खोजे तापनि सफलता पाउन सकेन । जनआन्दोलनको आक्रोस दरबारतर्फ सोझिएपछि पनि अल्मल्याएर आफ्नो स्वार्थ सिद्ध गर्ने राजाको प्रयास एवं चाहना पनि पूरा भएन । जुन कुनै अवस्थामा पञ्चायती व्यवस्थाको अन्त्य बिना जनआन्दोलन नरोकिने घोषणा र प्रतिबद्धताबाट एक इन्च पनि नडगेका जनआन्दोलन कमाण्डर गणेशमान सिंहको चट्टानी अडानले गर्दा राजा वीरेन्द्रको अल्मल्याउँदै लगेर जनआन्दोलन उपलब्धि विहिन बनाउने प्रयास पनि काम लागेन । प्रज्ञा भवनको अन्तिम राज प्रयासलाई सफल हुन नदिने भन्दै सडकमा उत्रेर खबरदारी गरेका आन्दोलनकारी जनता एवं तरुण विद्यार्थीहरूले लोकेन्द्रबहादुर चन्दलाई राजिनामा नगरिनहुने बनाएपछि मात्र अन्तरिम सरकार २०४७ गठनको मार्ग प्रशस्त भयो । जनआन्दोलन कमाण्डर गणेशमान सिंहसँगको परामर्शपछि विधिवत संवादलाई निर्णायक चरण तर्फ बढाएका राजाले कामाण्डरकै सल्लाहमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार घोषणा गरेपछि नारायणहिटी राजदरबारमै प्रधानमन्त्रीलाई शपथ ग्रहण गराएका थिए । त्यसपछि सरासर सिंहदरबार पुगेका प्रधानमन्त्री भट्टराईले सार्वजनिक कार्यक्रमकै रूपमा मन्त्रीहरूलाई शपथ ग्रहण गराएर अन्तरिम सरकारको लक्ष्य-उद्देश्य प्रस्ट पारेपछि अन्तरिम सरकार सफल हुने आधार तयार भयो ।*

**शब्द कुञ्जी :** एकताबद्ध प्रयास, जनआन्दोलनका शक्तिहरू, परिवर्तनको चरण, मन्त्री परिषद्, शपथ ग्रहण समारोह ।

## विषय प्रवेश

कमजोर प्रवृत्तिका राजा राजेन्द्रको ढुलमुले नीतिको फाइदा उठाएका जङ्गबहादुरले कोतपर्व, भण्डारखाल पर्व, अलौपर्व जस्ता रक्तरञ्जित घटना घटाएर संस्थागत बनाएको राणा शासनले नेपालको राजतन्त्रलाई खोपाको देउता जस्तै बनाइदियो । १०४ वर्षसम्म चलेको राणा शासनको अन्ततिर सपरिवार भागेर भारतको शरणमा पुगेको नेपालको राजतन्त्रलाई क्रान्तिको कारकतत्व मानेको नेपाली कांग्रेसले संवैधानिक राजतन्त्रको स्थान प्रदान गरे तापनि परिवर्तन आत्मसात गराउन सकेन । परिवर्तित वातावरण अनुरूप मुलुक सञ्चालन गर्नुका सट्टा शासकीय अधिकार केन्द्रीकरण गर्ने नीतिमा बढेको नेपालको राजतन्त्रले देशलाई अस्थिरताको मार्गमा बढाउने काम गर्‍यो । तब पनि राजा र जनताको मेल कायम गरेर प्रजातन्त्रको संस्थागत विकास गर्ने नीति नछाडेको नेपाली कांग्रेसले देखाएको सदासयताबाट पनि प्रभावित नभएका राजा महेन्द्रले २०१७ साल पौष १ को असंवैधानिक कदम चाली निरङ्कुश पञ्चायती व्यवस्थाको स्थापना गरे ।

राजा महेन्द्रको इसारामा योगी नरहरि नाथ जस्ता पात्रद्वारा नेपालमा एक भाषा एक भेष हुनु पर्दछ भन्दै एउटा मात्र नेता संरक्षित मुलुक बनाउन आह्वान गरेर प्रजातन्त्र विरुद्ध जनमत तयार पार्ने काम गरेको अवस्थामा निर्वाचित सरकारले उचित कदम उठाउन नसक्दा प्रजातन्त्र भन्दा हिन्दु राजतन्त्र राम्रो हो भन्ने भ्रम छर्न सजिलो भयो (गेल्नर र अन्य (सम्पा.), सन् १९९७ : ४९) । परिणामस्वरूप नागरिक अधिकार बहाली गर्ने

अनन्त प्रयासमा लागि रहेको प्रजातान्त्रिक पद्धति समाप्त पारेर शाही एकाधिकार कायम गरेका राजाले आम जनमानसमा जननिर्वाचित सरकार विरुद्ध भ्रम छर्दै सर्वाधिकार सम्पन्न राजा बनेर शासन गर्न थाले । केही सकयमका लागि भन्दै राजनैतिक पार्टीहरू माथि प्रतिबन्ध लगाएर लागु गरेको पञ्चायत प्रणालीलाई २०२४ सालमा राष्ट्रिय पञ्चायतमार्फत् निर्विकल्प व्यवस्थामा परिणत गराएका राजा महेन्द्रले पुरस्कार स्वरूप सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाइदिए (थापा, २०६९ चैत्र १) । प्रजातान्त्रिक व्यवस्था पक्षधर जतिलाई पन्छाएर आफ्नो अनुकूलकाहरूलाई साथ लिई शासन थालेका राजा महेन्द्रको कार्य एवं नीतिलाई ग्रहण गरेका राजा वीरेन्द्रले पनि नेपाली जनतालाई झुक्याउने काम गर्दै गए ।

संविधानमा प्रजातान्त्रिक अधिकारहरू लिपिबद्ध गर्दैमा प्रत्याभुत नहुने त्यसका लागि नागरिकहरूले व्यवहारमै प्रभावकारी किसिमले पाएको महसुस गर्नु पर्ने मान्यता विश्व जगत्मै प्रचलित छ (डाहल, सन् २००० : ५०) । त्यसलाई पूर्ण बेवास्ता गरेको नेपालको राजतन्त्रले आफ्नो प्रभाव कायम गर्ने तर्फ मात्र ध्यान केन्द्रित गरेर बढ्ने कार्य गरेकाले गुम्सिएको जनआक्रोस विद्यार्थी आन्दोलनका रूपमा प्रकट भयो । चर्को विरोध देखिएपछि जनमत सङ्ग्रहको घोषणा गरेका राजाले अवलम्बन गरेको झुक्याउने नीतिलाई नै फाइदा पुग्ने गरी नेकपा (माले) द्वारा कपटपूर्ण चालको संज्ञा दिएर बहिष्कार गर्दै भण्डाफोर गर्ने नीति सार्वजनिक भयो (वर्ग सङ्घर्ष, २०३७ चैत ११ : ३१) । नेपाली कांग्रेससँगै केही वामपन्थी दलहरूले बहुदल पक्षमा क्रियाशीलता देखाए पनि अत्यन्त कम मतान्तरले जितेको पञ्चायत पक्षको आशा विपरीत बी.पी. ले "अप्रत्यासित एवं व्याख्या गर्न नसकिने संज्ञा दिएर पनि" स्वीकार गरे भने गणेशमान सिंह एवं कृष्णप्रसाद भट्टराईले धाँधलीपूर्ण भनेर आलोचना गरे (गौतम, २०७६ : २३७-२४०; शास्त्र र अन्य (सम्पा.), २०५२ : ६) । तब पनि नचेतेका राजा वीरेन्द्रले पञ्चायती संविधानको तेस्रो संशोधनमा षड्यन्त्रपूर्ण नीति नै कायम राखी पञ्चायती व्यवस्थालाई भोट हाल्न पञ्च हुनु नपर्ने तर उम्मेदवार बन्न पञ्च हुनै पर्ने व्यवस्थामा परिणत गरे । जसले गर्दा जनताको पूर्ण सहभागिता नभइकनै सैनिक सहयोगमा राजाबाट टिकाइएको यो व्यवस्थाले भित्र एवं बाहिरबाट अनेकौं चुनौतीहरूको सामना गर्दै बढ्ने र सङ्कट नै आइपर्दा पनि कहिल्यै प्रतिपक्षीहरूसँग सहयोग लिने - सत्ता साझेदारीको प्रयाससम्म भएन (बराल, सन् १९९३ : ४२) । पञ्चायती व्यवस्था पक्षधर बनेर जोगाउन उत्रने नेपालका मण्डलेहरूले इरानको राजवंश जोगाउन खडा गरेर जे पनि गर्ने छुट पाएको सावाककै झल्को देखिने गरी मञ्चन गरेका क्रियाकलापबाट राज संस्थाको छवि समेत धुमिल हुँदै गयो (कुमार, सन् १९८० : १३) । त्यसबाट उदारवादी नीतिका पक्षपाती पञ्चहरू समेत पाखा पर्ने अवस्था भएकाले पञ्चायती व्यवस्था अन्तर्द्वन्द्वको भासमा पर्दै गयो ।

पञ्चायती व्यवस्था लामो समय नटिक्ने र आपसी अन्तर्द्वन्द्वबाटै समाप्त हुने घोषणा गरेर नेपाली कांग्रेसलाई सङ्गठन सुदृढीकरणको बाटोमा बढ्न लगाएका बी.पी. को निधनपछि नयाँ बहस एवं चिन्तन सुरु भयो । समयको क्रमसँगै विश्वजगत्मै प्रजातन्त्रको लहर चलेर तानाशाही शासनका किल्लाहरू भत्किदै जाँदा पनि प्रभावित नभएको नेपालको राजतन्त्र राष्ट्रिय समस्या समाधानमा समेत उदासित देखियो । छिमेकीसँगको सम्बन्धमा गतिरोध उत्पन्न भएर जनताले शास्ती खेप्नु पर्दा पनि परम्परागत शैलीमा सबैजनतालाई विदेशी विस्तारवाद विरुद्ध ऐक्यबद्धता जनाउन राष्ट्रियताको नारा उछालेको पञ्चायतले भारत विरोधी राष्ट्रवादी शक्ति हुन गरेको प्रयास सार्थक भएन (हफ्टन, रेपर एण्ड ह्वेल्पटन, सन् १९९९ : ११०) । नेपालको बौद्धिक वर्गदेखि आम नागरिकसम्मले पञ्चायतको असली नीति र राजतन्त्रको भित्री चाहना बुझेकाले एकजुट भएर निर्णायक कदम उठाउन तत्पर रहेको यथार्थ बोध गरेको नेपाली कांग्रेसले पनि राष्ट्रिय सहमती निर्माण गराउने प्रयास असफल भएपछि वामपन्थीहरू समेतको सहयोगमा निर्णायक जनआन्दोलन गर्ने निर्णय गऱ्यो । बहुदलीय व्यवस्था पुनर्स्थापना नगर्दासम्म नरोकिने दृढतासँगै गरेको प्रयास सार्थक भएर संयुक्त वाममोर्चासँग कार्यगत एकताको निर्णय गरेको नेपाली कांग्रेसले गणेशमान सिंहलाई सर्वोच्च कमाण्डर बनाएर २०४६ फागुन ७ बाट थालेको जनआन्दोलनले ५० दिनमै पञ्चायतलाई इतिहासको विष बनाइदियो । कांग्रेस कम्युनिष्टलाई आपसमा

भिडाएर एकछत्र शासन गर्दै आएको राजतन्त्रलाई जनताका प्रतिनिधिहरूसँग वार्ता एवं सम्झौता गर्न बाध्य बनाएका नेपाली जनताहरूले पञ्चायतको पूर्ण समाप्ति नहुँदासम्म सडक आन्दोलनमै डटेर कमाण्डरको नीतिलाई साथ दिइरहे । अन्तिम समयमा पनि लोकेन्द्रबहादुर चन्द मार्फत आफ्नो शक्ति जोगाउने प्रयास गरेको दरबारलाई सफल हुन नदिने प्रण गरेका आन्दोलनकारी जनता एवं तरुण विद्यार्थीहरूले वार्ता स्थल प्रज्ञा भवनलाई घेरा हालेर रातभरी नै चर्का नाराबाजी गर्ने र उग्र क्रियाकलाप देखाउने गरेर खबरदारी गरी प्रधानमन्त्री चन्दलाई राजिनामा नगरी नहुने बनाइदिए (गौतम, २०७८ : १६३-१६७) । त्यसपछि मात्र यथार्थबोध गरेका राजाले २०४७ वैशाख ६ गते प्रधानमन्त्रीकै सिफारिसमा अन्तरिम सरकार गठन गरी नयाँ परिवर्तन संस्थागत गर्ने जिम्मेवारी दिएका थिए । यसप्रकार गठन भएको अन्तरिम सरकारले त्यसै दिन गरेको शपथ ग्रहण समारोह एवं पदबहाली कार्यले क्रान्तिकारी परिवर्तन थालनी गरेको यथार्थ प्रस्ट पार्न यस लेखमा त्यसबारे विश्लेषण प्रयास गरिएको छ ।

## अध्ययन अनुसन्धान विधि

मूल रूपमा प्राथमिक स्रोतहरूका आधारमा गरिएको प्रस्तुत अध्ययनको पृष्ठभूमि विश्लेषण क्रममा द्वितीय स्रोतहरूको प्रयोग गर्ने काम पनि भएको छ । प्रजातान्त्रिक आन्दोलनका घटनाक्रमहरूसँग सम्बन्धित राजनीतिज्ञ एवं आन्दोलनकारीहरूसँगका अन्तर्वार्ता एवं कुराकानीबाट प्राप्त जानकारी समेतलाई तत्कालीन पत्रपत्रिकाहरू समेतको अध्ययनबाट प्रामाणिक भएपछि प्रयोग विश्लेषण गरिएको छ । मौलिक स्रोत सामग्रीहरूबाट प्राप्त जानकारीहरूलाई स्थान दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको यस लेखमा पुस्तकालय अध्यन, दस्तावेज, पत्रपत्रिकाहरू आदिबाट जुटाइएका लक्ष्यहरूको विश्वसनीयता मापन समेत गरेर प्रयोग गरिएको छ । विवरणात्मक एवं विश्लेषणात्मक स्वरूप लिन पुगेको यस लेखलाई गर्भे टिप्पणी प्रयोग गरेर सन्दर्भ सामग्री सूचीमा विधिवत स्थान दिई सम्पन्न गरिएको छ ।

## अध्ययनको उद्देश्य

लामो सङ्घर्ष गरेका राजनैतिक शक्तिहरूले बहुदलीय व्यवस्था पुनर्बहाली गरेपछि कसरी प्रजातान्त्रिक पद्धतिको संस्थागत विकास तर्फको यात्रा थालनी गरे ? भन्ने जिज्ञाशाबाट अभिप्रेरित भएर गरिएको प्रस्तुत अध्ययनमा मूलतः शपथ ग्रहण समारोह एवं पदबहालीको विषयवस्तुमात्र प्रकाश पार्ने प्रयास गरिएको छ । जनआन्दोलन २०४६ को सफलतापछि गठन भएर सफलतम सरकारको स्थान पाएको अन्तरिम सरकार २०४७ को प्रारम्भबिन्दु अर्थात् शपथ ग्रहण बारे नेपालको वर्तमान एवं भावी पुस्तालाई खासै जानकारी नहुनु र त्यस्तो महत्वपूर्ण इतिहास ओझेलमा पर्ने अवस्थाको यथार्थ बोध गराउनु नै यस लेखको उद्देश्य हो । परम्परागत उपलब्धि बिर्सदै बढ्ने कार्यले राजनैतिक स्थायित्व सहितको समृद्ध भविश्य निर्माण गर्न नसकिने तथ्यात्मक मान्यता समेतका आधारमा सदैव केन्द्रमा रहेको राजतन्त्रलाई आलङ्कारिक बनाउने कार्य थालेर सार्वजनिक कार्यक्रमका रूपमा गरिएको शपथ ग्रहण समारोहको ऐतिहासिक विश्लेषण गरेर जनतापक्षको इतिहास निर्माणको यात्रा थालनी स्पष्ट पार्नु नै यस आलेखको उद्देश्य हो ।

## अध्ययनको महत्व

२००७ सालको राजनैतिक परिवर्तनपछि पनि प्रजातान्त्रिक पद्धतिको संस्थागत विकासका लागि इमान्दार नभएको नेपालको राजतन्त्रले २०१७ साल पौष १ को असंवैधानिक कदमद्वारा सर्वसत्तावादी नीति कार्यान्वयन गरेर प्रजातान्त्रिक पद्धति नै समाप्त गरेको हो । राजाको उक्त कार्यविरुद्ध अनवरत सङ्घर्ष गरेका कांग्रेस कम्युनिष्टहरूले जनआन्दोलन २०४६ सफल पारेपछि राजालाई अन्तरिम सरकार गठनका लागि बाध्य बनाएर गतिशीलताको थालनी कसरी गरे ? राजदरबार भित्र गरिने कार्यक्रमलाई सार्वजनिक रूपमा गरेर परिवर्तनको यात्रा थालेको आभास गराउँदै राजा समेतलाई कसरी चुनौती दिए ? आदि प्रश्नहरूको उत्तर खोजेर यथार्थ तथ्य स्पष्ट पार्ने उद्देश्य अनुरूप प्रस्तुत

अध्ययन गरिएको हो । नेपालमा संवैधानिक राजतन्त्र सहितको संवैधानिक एवं राजनैतिक विकासको थालनी बारे तथ्यगत जानकारी प्राप्त गर्न सघाउ पुग्ने भएकाले प्रस्तुत अध्ययन महत्त्वपूर्ण कार्य हुने विश्वास गरिएको छ ।

**तथ्य विश्लेषण**

जनआन्दोलन २०४६ लाई दबाउन नसकेको मरिचमान श्रेष्ठ नेतृत्वको सरकारले राजा समेतको साथ समर्थनमा गरेका प्रयास असफल भएपछि अन्तिम षड्यन्त्रात्मक खेलमा लागेका राजा वीरेन्द्रले मरिचमान सरकार विघटन गरेर लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाई बहुदलीय स्वरूपयुक्त पञ्चायती व्यवस्था कायम गर्न थालेको प्रयास असफल भएपछि बाध्य भएर आन्दोलनकारीहरूको माग अनुरूप नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन गरिदिए । २०४७ वैशाख ६ (१९ अप्रिल १९९०) का दिन अन्तरिम सरकार गठनको घोषणा गरेपछि त्यसैदिन ११ बजेर ३० मिनट जाँदा नारायणहिटी राजदरबारमा विशेष समारोह आयोजना गरेका राजाले नेपालको संविधान अनुसार अन्तरिम सरकारको प्रधानमन्त्रीपदको शपथ ग्रहण गराएर कार्य प्रारम्भ गर्ने बाटो खोलिदिए (गोरखापत्र, २०४७ वैशाख ७) । पञ्चायती संविधान अर्थात् नेपालको संविधान २०१९ को तेस्रो संशोधनका आधारमा भएको बहुदलीय सपथ ग्रहणसमेत भन्न सकिने यो शपथ ग्रहण गरेको तत्कालै राजाको हुकुम बमोजिम राजाकै उपस्थितिमा नवनियुक्त प्रधानमन्त्री भट्टराईले राजसभा स्थायी समितिका सभापति अनिरुद्धप्रसाद सिंहबाट राजसभा स्थायी समितिको पदेन सदस्यको शपथ पनि लिएका थिए ।

नेपाली कांग्रेसका सर्वोच्च नेता एवं जनआन्दोलनका कमाण्डर गणेशमान सिंह, महिला नेतृ मंगलादेवी सिंह एवं युवा नेता पि.एल. सिंहसँगै बेनीबहादुर कार्की, वासुदेव रिसाल आदिले पनि उपस्थित हुने अवसर पाएको अन्तरिम सरकारका प्रधानमन्त्रीको शपथ ग्रहण समारोहले नेपाल परिवर्तनको चरणमा प्रवेश गरेको सन्देश दिएको थियो (रिसाल, २०६० पौष २५) । नारायणहिटी राजदरबारको कार्यक्रम सकेपछि सरासर सिंहदरबार स्थित प्रधानमन्त्री कार्यालयमा पुगेर पदबहाली गरेका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले त्यसै दिन मन्त्री मण्डलका अन्य सदस्य अर्थात् मन्त्रीहरूलाई शपथ ग्रहण गराएका थिए । अन्तरिम प्रधानमन्त्रीको पद बहाली कार्यक्रममा उपस्थित हुन-हेर्न भन्दै सिंहदरबार पुगेका आन्दोलनकारी पक्षधर विद्यार्थी, प्राध्यापक, डाक्टर, कानून व्यवसायी, पत्रकार आदिलाई सहभागिता जनाउने अवसर दिएर त्यसै दिन दिउँसो १२:३५ तिर आयोजित मन्त्रीहरूको शपथ ग्रहण समारोह साँच्चिकै हेर्न लायक थियो । सिंहदरबार स्थित राष्ट्रिय योजना आयोगको समीक्षालयमा एक सार्वजनिक समारोह नै आयोजना गरेर अन्तरिम सरकारका मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउने क्रममा प्रधानमन्त्री भट्टराईले आफ्नो स्वभाव अनुरूप ठट्यौली पारामा उपस्थित सबै जसोलाई हसाएका थिए । नेपाली कांग्रेसका सर्वोच्च नेता एवं जनआन्दोलन कमाण्डर गणेशमान सिंह, महामन्त्री गिरिजाप्रसाद कोइराला, समेतका अन्य नेताहरू, संयुक्त वाममोर्चाका विभिन्न नेताहरू, कार्यकर्ताहरू सर्वसाधारणहरू आदिको उपस्थितिमा शपथ ग्रहण गराउन उभिएका प्रधानमन्त्री भट्टराईले आफू ब्राह्मण पनि भएको जनाउँदै ब्राह्मण-पण्डितले संकल्प पढेको शैलीमा आफूले पढेको कुरालाई मन्त्रीहरूले पनि हुबहु दोहोऱ्याउनु होला भन्दै हाँसोको झोका उठाएपछि शपथ ग्रहण गराएका थिए ।

शपथ ग्रहण समारोह सुरु गर्ने क्रममा संक्षिप्त सम्बोधन गरेका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मुलुक ठुलो सङ्कटको स्थितिबाट गुज्रिरहेको अवस्थाको संक्षिप्त चर्चा गरेपछि यस्तो स्थितिमा मन्त्री परिषद्को अभिभारा लिनु परेको र अत्यन्तै जटिल र चुनौतीपूर्ण स्थिति विद्यमान रहेको प्रस्ट पार्दै जनआन्दोलन सफल पार्न जनताले गरेको बलिदान, त्याग, समर्पण एवं व्यक्त प्रतिबद्धतायुक्त भावनाको कदर गरी छिटोभन्दा छिटो काम गर्ने क्षमता देखाएर मुलुकलाई रूपान्तरणको मार्गमा लानुपर्ने आवश्यकता रहेको तर्फ सबैको ध्यान आकर्षित गरेका थिए (

साप्ताहिक नेपाली आवाज, २०४७ वैशाख ७) । जनश्रोत तथा सामान्य प्रशासन एवं स्थानीय विकास मन्त्री महेन्द्रनारायण निधी विशेषकारण वस जनकपुरबाट काठमाडौं आइपुग्न नसकेकोले गर्दा समारोहमा उपस्थित हुन सकेनन् भने बाँकी केही मन्त्रीहरूले आआफ्नै ढर्रा पनि देखाएका थिए । केशरजङ्ग रायमाझी, अच्युतराज रेग्मी, मार्शलजुलुम शाक्य, योगप्रसाद उपाध्याय, देवेन्द्रराज पाण्डेले निर्धारित शपथ ग्रहण ढाँचामा उल्लेखित परमेश्वरलाई साक्षी राखेर भन्ने शब्दलाई विना झिझक स्वीकार गरेर शपथ ग्रहण गरेका थिए भने कृषि, भूमि सुधार तथा वनमन्त्रीको जिम्मेवारी पाएका झलनाथ खनालले आफू ईश्वर नमान्ने व्यक्ति भएकाले परमेश्वर भन्ने शब्द प्रयोग नगरी त्यसको ठाउँमा सत्य निष्ठाको नाममा शपथ लिने धारणा व्यक्त गरेर त्यसलाई अडानकै रूपमा लिए । वामपन्थी पक्षधर भनिएका अरू तीनजना मन्त्रीहरू सहाना प्रधान, निलाम्बर आचार्य र मथुराप्रसाद श्रेष्ठले पनि समर्थन गरेर सत्यनिष्ठाकै नाममा शपथ ग्रहण गर्ने ढिपी लिएका थिए । यति ठुलो परिवर्तन संस्थागत गर्ने जिम्मेवारी वहन गर्न तम्तयार भएको अवस्थामा ससाना कुरालाई विवादको विषय नबनाउन र शब्दभन्दा प्रचलन-परम्परा पनि हेर्न भनेका प्रधानमन्त्रीको आग्रह पनि वामपन्थी मन्त्रीहरूले नमानेपछि विवाद समाप्त गर्न चाहेका प्रधानमन्त्री भट्टराईले ल भयो आफ्नो मन लागेकै गर्नोस् भनेपछि चारैजना वाम विचारका मन्त्रीहरूले “सत्य निष्ठा” भन्ने शब्द उच्चारण गरेर पद तथा गोपनीयताको शपथ ग्रहण गरेको देख्दा उपस्थित धेरैले वामपन्थी चरित्र भन्दै गरेको टिप्पणी शोधकर्ताले आजसम्म पनि बिर्सन सकेको छैन ।

शपथ ग्रहण गराइसकेपछि नेपाल र नेपालीको मुक्तिको चाहना नै आफ्नो प्रमुख लक्ष्य रहेको जनाएका प्रधानमन्त्रीले जनआन्दोलनका शहीद-घाइते एवं तिनका घर परिवारमा आभार सहानुभूति प्रकट गरेर सक्दो सहयोग प्रयासको प्रतिबद्धता प्रकट गरे । पञ्चायती व्यवस्थाले चुसेर छोक्रा जस्तो बनाएको अर्थतन्त्र भारतसँगको गतिरोधले गर्दा ध्वस्त नै भएकाले जनताले दुःख पाएको अवस्था चित्रण गरेका उनले हित विपरीतको स्थिति अन्त गर्नै पर्ने यथार्थ बुझेर स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न मुलुक नेपालको राष्ट्रिय हित कायम राखी भारतसँग एकअर्काका समस्या बुझ्ने विशेष सम्बन्ध जोडी नेपालको पक्षमा रहेको पारवहन सन्धी कायम गर्नु नै आफ्नो मुख्य कार्य भएको प्रस्ट पारे । त्यसपछि आफ्नो मन्त्री परिषदका सदस्यहरूलाई छिटोभन्दा छिटो लक्ष्य एवं सफलता हासिल गर्न लागि पर्न आह्वान गरेका प्रधानमन्त्रीले जनआन्दोलनका कमाण्डरलाई पनि शपथ ग्रहण समारोहलाई सम्बोधन गरी मार्ग निर्देशन गर्न अनुरोध गरे ।

प्रधानमन्त्रीको अनुरोधपछि नवगठित अन्तरिम मन्त्री परिषद्लाई निर्देशन एवं शुभकामना दिन उभिएका नेता गणेशमान सिंहले नेपाललाई पूर्ण प्रजातान्त्रिक र समुन्नत राष्ट्रका रूपमा निर्माण गर्न एकताबद्ध प्रयासको खाँचो रहेको औँल्याउँदै जनताले रगत बगाएर ल्याएको प्रजातन्त्र जोगाउनका लागि निस्वार्थ भावले काम गर्न आग्रह गरे (धमला, २०७३ : १७७) । नेपाली जनताको समर्पण प्रतिबद्धताले गर्दा सफल भएको जनआन्दोलनका शक्तिहरू नेपाली कांग्रेस एवं संयुक्त वाममोर्चाले निर्धारण गरेको आठ सुत्रीय कार्यक्रम वा मार्ग दर्शनलाई कार्यान्वयन गर्ने जिम्मेवारी नवगठित मन्त्री परिषद्ले लिनु पर्ने र कुनै पनि बहानाबाजी गर्न नपाउनेमा जोड दिएका नेता सिंहले आठ सुत्रीय मार्ग दर्शनमा आधारित भएर विस्तृत कार्यक्रम निश्चित गरी क्रियाशील हुन जरुरी रहेको पनि प्रस्ट पारेका थिए (गोरखापत्र, २०४७ वैशाख ७) । अन्तरिम मन्त्री परिषद् ससाना विषय-विवाद आदिमा नअल्झिकन मूल लक्ष्य प्राप्ति तर्फ बढ्नु पर्ने स्पष्ट दिशा निर्देश गरेका जनआन्दोलन कमाण्डरले एक वर्ष भित्रै आमचुनाव गराउने कार्यलाई प्रमुख लक्ष्य मानेर बढ्ने कार्यसँगै जनताको अस्तव्यस्त आर्थिक स्थिति-अवस्था सुधार्ने, पूर्ण प्रजातान्त्रिक एवं समुन्नत राष्ट्रका रूपमा नेपालको निर्माण गर्ने, पञ्चायती व्यवस्थाले थुपारेको शोषणरूपि फोहरको कसिंगर सफा गरेर अशल दिशामा बढ्न सुरुवात गर्नु पर्ने कुरामा जोड दिँदै बहाना पारेर उम्किन नपाउने बोध गराउन खोजेका थिए (साप्ताहिक नेपाली आवाज, २०४७ वैशाख ७) । कडा सुरक्षा घेराभित्र सीमित पत्रकारहरूलाई मात्र उपस्थित गराएर शपथ ग्रहण समारोह सम्पन्न गरिने प्रचलित परम्परा विपरीत सार्वजनिक कार्यक्रम नै आयोजना गरेर शपथ ग्रहण गराइएको विषयलाई लिएर परिवर्तनको सुरुआत सिंहदरबारबाटै भयो भन्ने जनमानसको टिप्पणी शोधकर्ताले पनि सुन्ने अवसर पाएको थियो ।

२०१७ साल पौष १ गतेका दिन असंवैधानिक कदम चालेका राजा महेन्द्रले २१ दिनपछि अर्थात् पौष २२ का दिन राजनैतिक दलहरू माथि प्रतिबन्ध लगाएर संसदीय व्यवस्था नै समाप्त गरेको ३० वर्ष पुरा हुनै लाग्दा नेपाली कांग्रेसकै अग्रसरता र नेतृत्वमा सञ्चालित जनआन्दोलनमा पेशागत र प्राज्ञकिता प्रबुद्ध वर्गमा गणना हुने नागरिकहरूको एक समूहले परामर्श-छलफल गरी सक्रिय सहभागिता जनाउने, सत्ताका प्रमुख व्यक्तिसम्मलाई नै सामूहिक रूपमै भेटेर मानव अधिकार विरोधी काम नगर्न दबाब दिने, जनआन्दोलनको राजनीतिक नेतृत्व लिने नेपाली कांग्रेस-कम्युनिष्ट विचारधाराका व्यक्ति नेताहरू बिच सन्तुलन प्रयास गर्ने र ऐक्यबद्धता सभाहरू गरेर सामूहिक गिरफ्तारी दिने जेल पर्ने समेत गरेर निर्णायक जनआन्दोलन बनाउने काम गरेको हो (पाण्डे, २०५० फागुन १४; पाण्डे, २०७७ : १०४-१०५) । जनआन्दोलनको बलमा झुक्न बाध्य भएका राजा वीरेन्द्रले जनआन्दोलन कमाण्डरसँगको वार्तापछि सहमतिमा गठन गरिदिएको अन्तरिम सरकारले शपथ ग्रहण समारोहमै पद तथा गोपनीयताको शपथ ग्रहण गरेर कार्य प्रारम्भ गर्ने चरणमा पुग्दासम्म पनि देशको वातावरणदेखि अवस्थासम्मले निश्चित दिशा बोध गरिसकेको थिएन । ३० वर्षसम्मको सङ्घर्ष यात्रामा राज्यपक्षको दमन-शोषणको मारमा परेर थिलथिलिएका नेपालीहरूको सङ्ख्या अनन्त भएको अवस्थामा सानो सङ्ख्याको अन्तरिम सरकार गठन गर्दा धेरैका आशा चाहना सम्बोधन हुने अवस्था भएन । नेपालको क्षेत्रगत एवं जातिगत प्रतिनिधित्व गराउनमा खासै ध्यान नपुऱ्याइएकाले धेरै जसोबाट असन्तुलितको संज्ञा दिइएको अन्तरिम मन्त्री परिषद् २०४७ ले जनआन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेको मधेस क्षेत्रबाट जम्मा एकजनालाई स्थान दिएर बाँकी सबै स्थान ब्राह्मण, क्षेत्री एवं नेवारहरूबाट मात्र प्रतिनिधित्व गराएको थियो (आङदेम्बे, २०६९ फागुन २३; गुरुङ, २०७६ पौष १६) । देशका हिमाली, पहाडी, भित्री मधेश एवं तराई क्षेत्रका भूमिपुत्र दावा गर्ने थारू, यादव, तामाङ, गुरुङ, मगर, राई, लिम्बु आदि जनजाति एवं पिछडा वर्गको प्रतिनिधित्व शून्य रहेको अन्तरिम मन्त्री परिषद्मा पेशाकर्मी, बुद्धिजीवी एवं मानव अधिकारवादीका प्रतिनिधि भन्दै समावेश गरिएका दुईजना पनि क्रमशः ब्राह्मण एवं नेवार समुदायकै पर्नु र राजाका प्रतिनिधि भनिएका दुईजना पनि क्रमशः ब्राह्मण र क्षेत्री वर्गकै हुनुले सन्तुलन मिलाउन ध्यानै नदिएको प्रस्ट हुन्छ (नेपाली, २०७६ आश्विन २८; नेम्वाङ, २०७६ भदौ २०) । जनआन्दोलनको बलमा गठित भएकाले जनआन्दोलनका प्रमुख शक्ति अर्थात् नेपाली कांग्रेस एवं संयुक्त वाममोर्चाका प्रतिनिधिहरूलाई स्थान दिएर परिवर्तन सुनिश्चित बनाउन अग्रसर हुने सोच तर्फ मात्र ध्यान केन्द्रित गरिएकाले जातिगत, क्षेत्रगत, आञ्चलिक प्रतिनिधित्व गराउने तर्फ अन्तरिम सरकारका निर्माताहरूको ध्यान नपुगेको हो भन्दा फरक पर्ने छैन ।

अन्तरिम सरकारको गठनलाई समयको माग र आवश्यकता सम्बोधनका रूपमा लिएर त्यसका नेतृत्वकर्तालाई सन्त राजनीतिज्ञको उपमा दिएका समाचार पत्रहरूले आम नेपाली नागरिकहरूले इमानदारिता, साधारण जीवनशैली र सङ्घर्षका प्रतिमूर्तिलाई परिवर्तनको नेतृत्व गर्ने जिम्मेवारी दिइएकोमा सन्तोषको सास फेरेको उल्लेख गरेका थिए (राष्ट्र पुकार साप्ताहिक, २०४७ वैशाख १३; गोरखापत्र, २०४७ वैशाख ७; साप्ताहिक विमर्श, २०४७ वैशाख ७) । २०१७ सालको असंवैधानिक कदम विरुद्ध अडान राख्दा पटक पटक गरेर करिब १४ वर्ष जेल जीवन बिताएका, वी.पी. को भारत केन्द्रित सशस्त्र सङ्घर्ष विपरीत मान्यता राखेर देशभित्रैबाट शान्तिपूर्ण जनआन्दोलनको विकास गरेर प्रजातन्त्र पुनर्स्थापना गर्ने नीतिमै अडिग रहेका, नेपाल अधिराज्य भरी आफ्ना नाममा केही श्री सम्पत्ति नभएका र कुनै पनि बैंकमा खातासम्म नखोलेका, कुपण्डोल स्थित भानिजको साधारण घरको भुइँतलाको कोठामा सादगीपूर्ण जीवन बिताइरहेका अविश्वसनीय रूपले इमान्दार व्यक्तिको छवि कायम गरेका अविवाहित कृष्णप्रसाद भट्टराईको नियुक्तिलाई त्यसैबखत धेरैले आजसम्मकै गहकिलो कार्य भनेर गरेको टिप्पणी शोधकर्ताको स्पमरणमा ताजै रहेको छ । आध्यात्म-दर्शनप्रति रुचि राख्ने र पत्रकारिता एवं कुटनीतिका कुशल मर्मज्ञ मानिने नेता भट्टराईसँग केही पुस्तक, एउटा दराज, एउटा विछ्यौना, डायरी राख्ने एउटा टिनको बाकस वा ट्याङ्का, ओढ्ने छाता, पानी राख्ने सुराही र भान्छाका सामान्य भाांडा वर्तन बाहेक अरू कुनै भौतिक सम्पत्ति कहिल्यै नदेखेको शोधकर्ताले प्रधानमन्त्री बनेर वालुवाटार छिर्दा र त्यहाँबाट बाहिर निस्कदा पनि त्यसबाहेक अरू केही नथपिएको जानकारी त्यसै बखतका पत्रपत्रिकाहरूमा सविस्तार छापिएका

समाचारहरूको अध्ययनबाट पुनः ताजा गर्ने अवसर पाएको हो । लोभलालच नभएकाले लक्ष्य प्राप्तिमा पुग्न सक्ने विश्वास गरेर नै जनआन्दोलन कमाण्डरले प्रधानमन्त्रीमा सिफारिस गरेकाले वामपन्थीहरूका विभिन्न खेमादेखि राजाका प्रतिनिधिसम्मको संलग्नता रहेको अन्तरिम सरकारको नेतृत्व गर्दै प्रधानमन्त्री बनेका नेता भट्टराईले "धेरै नखोजौं समीकरण मिलाएर बढौं" भन्ने मूलमन्त्रलाई पहिलो प्राथमिकता बनाएर क्रियाशीलता थालेको मेरो ठम्याइछ । पञ्चायती शासन विरुद्ध देशव्यापी सङ्गठन निर्माण एवं जनआन्दोलनको आधार तयारी अभियानमा सँगसँगै हिँड्ने अवसर पाएको शोधकर्ताले हरेक दिन साँझ डायरी नलेखी नसुत्ने बानी देखेको यथार्थका आधारमा नेपालको प्रजातान्त्रिक आन्दोलन एवं राजनैतिक उतार चढावका अमूल्य दस्तावेजरूपि ती डायरीहरू राष्ट्रिय सम्पत्ति रहेको ठहर गर्दै उनका धरोहरका रक्षक बनेकाहरूलाई प्रकाशनको चाँजोपाँजो मिलाएर ती राष्ट्रिय सम्पत्तिहरू सार्वजनिक गरिदिनु हुन आग्रह नै गर्न चाहन्छु ।

सम्पूर्ण नेपालीको मुक्तिलाई आफ्नो प्रमुख लक्ष्य घोषणा गरेर मन्त्री मण्डलको शपथ ग्रहण समारोह समक्ष आफ्नो प्रतिबद्धता व्यक्त गरेका सन्त नेता कृष्णप्रसाद भट्टराई सबैभन्दा सानो सरकार बनाएर उत्कृष्ठ परिणाम हासिल गर्न चाहन्थे । ७ वटा मोर्चाहरूको गठजोड भएकाले ७ जना मन्त्रीहरू आफूले पाउनु पर्ने माग राखेको संयुक्त वाममोर्चाले नेपाली कांग्रेसले पनि त्यति नै सङ्ख्या राख्दा आपत्ति नहुने सन्देश पुऱ्याइसकेको थियो । आफूलाई जनआन्दोलन कमाण्डरको प्रतिनिधि मात्र ठानेका प्रधानमन्त्री भट्टराईले नेपाली कांग्रेस एवं संयुक्त वाममोर्चालाई ३-३ स्थान छुट्याउने, पेशाकर्मी, बुद्धिजीवीहरूलाई २ स्थान दिने र राजाका प्रतिनिधि २ जना राख्ने प्रस्ताव गरेर राजाको सहमती लिएपछि वाममोर्चालाई जम्मा ३ स्थानमा मनाउन निकै कसरत गर्नु परेको थियो । राजदरबार, रक्षा र परराष्ट्र मन्त्रालयको जिम्मेवारी आफैले लिएपछि वाममोर्चाका नेताहरूको चित्त बुझाउन सहाना प्रधानलाई मन्त्री मण्डलमा दोस्रो वरियताको स्थान दिनेदेखि रोजाइका मन्त्रालयहरू समेत दिएर थुम्थुम्याउनु परेको थियो । आफ्ना विश्वासपात्र योगप्रसाद उपाध्यायलाई गृह एवं सञ्चार मन्त्रीको जिम्मेवारी दिएर शान्ति सुव्यवस्था कायम गर्न लगाएका प्रधानमन्त्री श्री भट्टराईले २०१७ साल पौष १ को असंवैधानिक शाही कदम विरुद्ध राजधानीमा माइकिंग गरेर विद्रोहको अपिल गरी कष्टकर जेल सजाय भोगेका काठमाडौँका साहसी तरुण मार्शलजुलुम शाक्यलाई आफ्नो पार्टीको कोटाबाट निर्माण मन्त्री बनाउने र २०१६ सालकै संसदका उपसभामुख रहेका गान्धीवादी व्यक्तित्व महेन्द्रनारायण निधीले २०१७ सालमै राजा महेन्द्रबाट मन्त्री बन्न गरेको आग्रह अस्वीकार गरेर प्रजातान्त्रिक आन्दोलनलाई नेपाली माटोबाटै उठाउन गरेको कर्मको मूल्याङ्कन गरेर जलस्रोत एवं स्थानीय विकास मन्त्री बनाएका थिए (निधी, २०६० श्रावण ६; नेपाली २०७६ आश्विन ३०; नेपाल, २०७० : ४०४) । पञ्चायती व्यवस्थाको भ्रष्ट चरित्र एवं नीति उदाङ्गो बनाउने र मानव अधिकार एवं प्रजातान्त्रिक पद्धतिको आवश्यकता बोध गराउने कार्यमा समर्पित भएका र पञ्चायती व्यवस्थाको गलत प्रवृत्ति नीति विरुद्ध अर्थसचिव पदबाटै राजिनामा दिएका डा. देवेन्द्रराज पाण्डेलाई अर्थमन्त्री, नेपालको स्वास्थ सेवामा लामो समय बिताएका मानव अधिकारवादी चिकित्सक एवं जनआन्दोलनका महत्त्वपूर्ण व्यक्तित्व डा. मथुराप्रसाद श्रेष्ठलाई स्वास्थ्य मन्त्री बनाएका प्रधानमन्त्रीले संयुक्त वाममोर्चाका मन्त्रीहरूलाई मोर्चाकै चाहना अनुसारका मन्त्रालयको जिम्मा दिएका थिए । जस अनुसार वाममोर्चा अध्यक्ष सहाना प्रधानलाई उद्योग र वाणिज्यको जिम्मा दिएपछि झलनाथ खनाल एवं निलाम्बर आचार्यलाई कृषि, भूमि सुधार तथा व्यवस्था वन तथा भूसंरक्षण एवं कानून तथा न्याय श्रम तथा सामाजिक कल्याण र पर्यटन मन्त्रालयको कार्यभार सम्हाल्ने मन्त्री बनाइएको थियो । त्यसबाहेक राज्यका प्रतिनिधिको रूपमा मन्त्री बनेका केशरजङ्ग रायमाझी एवं अच्युतराज रेग्मीले पनि क्रमशः शिक्षा तथा संस्कृति र सामान्य प्रशासन एवं आवास तथा भौतिक योजना मन्त्रालयको कार्यभार पाएका थिए ।

नेपाली कांग्रेस एवं वाममोर्चाका महत्त्वपूर्ण, अनुभवी, क्षमतावान नेताहरूले स्थान नपाएको, कतिपय प्रभावशाली भनिएकाहरू समेत देखाउने व्यक्ति मात्र भएकाले मन्त्री परिषद्मा नपरेको आदि अनेकौं हल्ला चर्चाले काठमाडौँको वातावरणमा केही दिन ठाउँ पाए तापनि अन्तरिम मन्त्री परिषद्को कार्य-गतिशीलतामा प्रभाव परेन । प्रारम्भमै सानो भन्दा सानो मन्त्री परिषद् बनाएर प्रजातान्त्रिक पद्धतिको संस्थागत आधार बनाउने

लक्ष्यमा बढ्ने घोषणा गरेका प्रधानमन्त्री भट्टराईले आवश्यक परेमा राज्यमन्त्री, सहायक मन्त्री थपौंला भनेर गुनासाहरूलाई थामथुम पारेपछि एक वर्षको अवधि भित्र संविधान बनाएर आमचुनाव सम्पन्न गर्ने लक्ष्य पुरा गर्नै पर्ने एक सुत्रीय निर्देशन दिई अन्तरिम मन्त्री परिषद्लाई कार्यभार ग्रहण गर्न र इतिहासले दिएको यो अवसर पुरा गर्नै पर्ने दायित्व बोध गरेर बढ्न-काम गर्न भनेपछि अप्ठ्यारा-अवरोध परेमा जानकारी दिन नहिच्किचाउन अह्राएर पठाइहाले (प्रधान, २०६२ असार १२; पाण्डे, २०५० फागुन १४) । देशको सुरक्षा स्थिति अस्तव्यस्त भएकोले प्रतिक्रियावादी एवं प्रतिक्रान्ति चाहनेहरूले सल्बलाउन खोजेको र आर्थिक लगायतका अवस्था स्थिति नाजुक भएको अवस्थामा पनि एक सुत्रीय लक्ष्य साधना नछाडि दृढता साथ काम गर्ने जिम्मा दिएका प्रधानमन्त्री भट्टराईले होडबाजीको राजनीति नगर्न जनस्तरमा उठेका आवाजलाई कदर गरेर काम गरी प्रतिक्रियावादी एवं प्रतिक्रान्ति पक्षधरहरूलाई परास्त गर्न आह्वान गरेका थिए । नेता भट्टराईको कुशल व्यवस्थापनशैली एवं सादगिपन समेतले गर्दा आफ्नो महत्त्वाकांक्षा समेत नदेखाई क्रियाशील हुन बाध्य हुने परिस्थिति सिर्जना भएकाले अन्तरिम मन्त्री परिषद्ले तुरुन्तै कार्यभार ग्रहण गर्ने अवस्था भएको मेरो ठम्याइछ ।

**निष्कर्ष**

२००७ सालमा सशस्त्र क्रान्ति सञ्चालन गरेर शताब्दी भन्दा अगाडिदेखि नै प्रचलित राणाहरूको पारिवारिक निरङ्कुश शासन समाप्त गरेको नेपाली कांग्रेसले भागेर भारत पुगेका राजा त्रिभुवनलाई समेत पुनर्स्थापना गरेको थियो । राणाहरूले खोपाको देवताभैँ बनाएको स्थिति चिर्दै संवैधानिक राजतन्त्रको स्थान दिएर व्यवहारिक राष्ट्र प्रमुखको स्थान दिएपछिका दिनहरूमा क्रमशः शक्ति सुदृढीकरणको नीति लिएको राजतन्त्रले २०१७ साल पौष १ को कदमबाट प्रजातान्त्रिक पद्धति नै समाप्त गरेर शाही एकाधिकार सहितको पञ्चायती व्यवस्था स्थापना गर्‍यो । त्यसबाट देशमा सीमित वर्गको हालिमुहाली चल्ने र प्रजातान्त्रिक पद्धति एवं जनप्रतिनिधिमूलक संस्थाहरू नाम मात्रका हुने अवस्था विकसित भएर बन्देजकारी संवैधानिक व्यवस्था स्थापित भएकाले सङ्घर्षको बाटो लिएका कांग्रेस कम्युनिष्टहरूले एकात्मक आन्दोलनको वातावरण बनाएर २०४६ को जनआन्दोलन सफल पार्न सकेका थिए । जनआन्दोलनको प्रारम्भिक चरणसम्म पनि पेलेरै सिध्याउने र विभाजनको नीति लिएर समाप्त पार्ने लक्ष्यमै बढेको राजतन्त्रले आन्दोलन उत्कर्षमा पुगेपछि मात्र सहजीकरणको प्रयास गरेको देखाउन खोज्यो । पूर्वीय युरोपमा आएको परिवर्तनको लहरबाट कम्युनिष्ट शासनका किल्लाहरू भत्कँदै जानु र आफ्नै कतिपय प्रान्तहरूमा उठेका जनलहरहरूले गर्दा चिनिया पक्षले समेत नेपालको राजतन्त्रलाई आड भरोसा दिन नसकेको अवस्थामा राजतन्त्रसँगको मनमुटावले गर्दा भारतले पनि नेपाली जनताको आन्दोलनलाई साथ दिएर सफलताको बाटो देखाएको हो । बाध्यात्मक अवस्थामा पुग्दा पनि आफ्ना विशेषाधिकार छाड्न नचाहेको राजतन्त्रले गरेका षड्यन्त्रहरू क्रमशः चिर्दै गएका कांग्रेस कम्युनिष्टहरूले अन्तरिम सरकार गठन गर्न बाध्य पारेपछि पनि शपथ ग्रहण समारोह सार्वजनिक रूपमा गरेर परिवर्तन संस्थागत गर्ने क्रममा जुन कुनै मूल्य चुकाउन तत्पर रहेको सन्देश प्रवाहित गरेका थिए । जसबाट शाही प्रभुत्व समाप्त गरिछाड्ने जनअठोट स्पष्ट भएकाले नेपालमा परिवर्तन तर्फको यात्रा थालनी भएको सन्देश समेत प्रवाहित भई अन्तरिम सरकार लक्ष्य प्राप्तिमा सफल हुने आधार बनेको हो ।

**सन्दर्भ सामग्रीहरू**

**अन्तर्वार्ताहरू**

आङदेम्बे, जगतमान. सशस्त्र प्रतिरोध आन्दोलनका सेनानी एवं नेता नेपाली कांग्रेससँग २०६९ फागुन २३ गते दर्वेशा मोरङमा ।

गुरुङ, कुलबहादुर. सशस्त्र प्रतिरोध आन्दोलनदेखिका योद्धा - भूतपूर्व मन्त्रीसँग २०७६ पौष १६ गते धुम्बाराही काठमाडौँमा ।

थापा, विश्वबन्धु. वी.पी. का पुराना सहयोगी एवं पञ्चायतकालीन मन्त्रीसँग २०६९ चैत्र १ गते गैह्रिधारा काठमाडौं ।

निधि, विमलेन्द्र. नेता नेपाली कांग्रेस एवं भूतपूर्व मन्त्रीसँग २०६० श्रावण ६ गते भैरहवा रूपन्देहीमा ।

नेपाली, देवेन्द्रलाल. बुद्धिजीवी - कानूनविद्सँग २०७६ आश्विन २८ गते माइस्थान वीरगञ्जमा ।

नेम्वाङ, कृष्णविक्रम. नेपाली कांग्रेसका योद्धा सामाजिक व्यक्तित्वसँग २०७६ भदौ २० गते सुनाकोठी ललितपुरमा ।

पाण्डे, देवेन्द्रराज. अर्थमन्त्री अन्तरिम सरकारसँग २०५० फागुन १४ गते विशालनगर काठमाडौँमा ।

प्रधान, सहाना. उद्योग वाणिज्य मन्त्री अन्तरिम सरकारसँग २०६२ असार १२ गते सानेपा ललितपुरमा ।

रिसाल, बासुदेव. नेपाली कांग्रेसका नेता भूतपूर्व मन्त्रीसँग २०६० पौष २५ गते कुपण्डोल ललितपुरमा ।

**पुस्तक, लेख, पत्रपत्रिका आदि**

कुमार, डि.पि. (सन् १९८०). *नेपाल इअर अफ डिसिजन.* न्यू दिल्ली : विकास पब्लिसिङ हाउस ।

गेल्नर, डेभिड एन.पाफ, जोन एण्ड ह्वेल्पटन, जोन (सन् १९९७). *नेशनलिज्म एण्ड इथ्निसिटी इन अ हिन्दु किङडम दि पोलिटिक्स अफ कल्चर इन कन्टेम्पोरेरी नेपाल.* लण्डन : रौटलेज ।

*गोरखापत्र* (२०४७ वैशाख ७). राष्ट्रिय दैनिक. काठमाडौं ।

गौतम, बद्रीनारायण (२०७७). *शान्तिपूर्ण आन्दोलनमा नेपाली कांग्रेस.* काठमाडौं : शिाख बुक्स ।

गौतम, बद्रीनारायण (२०७८). *जनसङ्घर्षका तीस वर्ष.* काठमाडौं : स्वदेश प्रकाशन ।

धमला, जीवनाथ (२०७३). *लौहपुरुष गणेशमान सिंह (जीवन, सङ्घर्ष र राजनीति).* काठमाडौं : प्यासिफिक पब्लिकेसन्स प्रा.लि. ।

डाहल, रबर्ट ए. (सन् २०००). *प्रजातन्त्रका बारेमा.* काठमाडौं : क्रिएसन मिडिया प्रा.लि. ।

नेकपा (माले). २०३७ चैत्र ११). *वर्ग सङ्घर्ष.* वर्ष ६, पूर्णाङ्क ११. स्थान एवं प्रकाशक अनुल्लि. ।

नेपाल, किशोर (२०७०). *मेरो समय.* काठमाडौं : फाइन प्रिन्ट प्रा.लि. ।

पाण्डे, देवेन्दराज (२०७७). *एक ज्यान दुई जुनी.* काठमाडौं : फाइन प्रिन्ट प्रा.लि. ।

बरला, लोकराज (सन् १९९३). *नेपाल प्रोब्लम अफ गभर्नेस.* दिल्ली : कोनार्क पब्लिसर्स ।

*राष्ट्र पुकार* साप्ताहिक. २०४७ वैशाख १३ ।

शस्त्री, ढुण्डिराज आदि (सम्पा.) (२०५२). *नेपाली कांग्रेस र यसका दृष्टिकोणहरू.* काठमाडौं : नेपाली कांग्रेस केन्द्रीय कार्यालय ।

*साप्ताहिक नेपाली आवाज.* २०४७ वैशाख ७ ।

हफ्टन, मार्टिन, रेपर, विलियम एण्ड ह्वेल्पटन, जोन (सन् १९९९). *पिपुल पोलिटिक्स एण्ड आइडियोलोजी डेमोक्रेसी एण्ड सोसल चेन्ज इन नेपाल.* काठमाडौं : मण्डला बुक प्वाइन्ट ।